
# व्यावसायिक पशुपालन एकीकृत सर्वेक्षण २०७८

# प्रमुख नतिजा




नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग

# व्यावसायिक पशुपालन एकीकृत सर्वेक्षण २०७८

## परिचय

नेपालको आर्थिक क्षेत्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रले राष्ट्रिय आय तथा रोजगारीमा महत्वपूर्ण योगदान गरेको छ। यसर्थ, कृषि क्षेत्रको विकासका लागि नीति निर्माण तथा योजना तर्जुमा गर्न, कार्यान्वयन गर्न, अनुगमन तथा मूल्याङ्कन गर्न नियमित रुपमा कृषिको संरचनागत बनोट तथा क्रियाकलापसम्बन्धी भरपर्दो र विश्वासिलो तथ्याङ्कको आवश्यकता पर्दछ। यसै सन्दर्भमा, विश्व खाद्य तथा कृषि संगठन (FAO) को Global Strategy to improve Agriculture and Rural Statistics (GSARS) कार्यक्रमले कृषि तथा यससँग सम्बन्धित तथ्याङ्कहरुको उत्पादनको लागि १० वर्ष अवधिमा कृषिमा आधारित बाली तथा पशुपन्छी उत्पादन तथा यसैसँग सम्बन्धित आर्थिक गतिविधि, कृषि जनशक्ति, उत्पादन विधि तथा वातावरण र मेशिनरी उपकरण तथा सम्पत्तिसम्बन्धी मोड्युलहरुको चक्रिय रुपमा सर्वेक्षण गर्ने गरी कृषि एकीकृत सर्वेक्षण (Agriculture Integrated Survey-AGRIS) पद्धतिको विकास गरेको छ। यस पद्धति अनुसार बाली तथा पशुपन्छी उत्पादन तथा यससँग सम्बन्धित क्रियाकलापहरुको वार्षिक रुपमा सर्वेक्षण गरी तथ्याङ्क संकलन गरिने मोड्युललाई मुख्य मोड्युल (Core Module) र आवश्यकता अनुसार आवधिक रुपमा तथ्याङ्क संकलन गरिने कृषिमा आधारित आर्थिक गतिविधि, कृषि जनशक्ति, उत्पादन विधि तथा वातावरण र मेशिनरी उपकरण तथा सम्पत्तिसम्बन्धी मोड्युलहरुलाई चक्रिय मोड्युल (Rotating Module) भनिएको छ। कृषि एकिकृत सर्वेक्षण अन्तर्गत प्रत्येक वर्ष गरिने मुख्य मोड्युल र केही वर्षको अन्तरालमा गरिने ४ वटा चक्रिय मोड्युलहरुको १० वर्ष भित्र एक चक्र पुरा हुन्छ र यही क्रम अर्को १० वर्ष क्रमशः दोहोरिदैं जान्छ।

नेपालको कृषि तथ्याङ्कीय प्रणालीलाई सुदृढीकरण गर्न विश्व खाद्य तथा कृषि संगठनको आर्थिक तथा प्राविधिक सहयोगमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभागको संयुक्त आयोजनामा आर्थिक वर्ष २०७८/०७९ मा नेपालभरी व्यावसायिकरुपमा संचालनमा रहेका मध्यम तथा ठुला पशुपालन व्यवसायहरुको एकीकृत सर्वेक्षण, २०७८ कार्यक्रम सञ्चालन गरिएको थियो। यस सर्वेक्षण प्रयोजनको लागि मध्यम तथा ठूला पशुपालन व्यवसाय भन्नाले निश्चित मापदण्ड पूरा गरेका व्यावसायिकरुपमा सञ्चालित पशुपालन व्यवसायहरुलाई बुझाउँछ। सोही व्यवसायहरुबाट नमूना छनौट विधिद्वारा छानिएका व्यवसायहरु मार्फत मुख्य प्रश्नावली र चक्रिय मोड्युल अन्तर्गत उत्पादन विधि तथा वातावरणसँग सम्बन्धित मोड्युल प्रयोग गरी विभिन्न विवरण संकलन गरी यो सर्वेक्षण सफलतापूर्वक सम्पन्न गरिएको छ।

## सर्वेक्षणको उद्देश्य

यस सर्वेक्षणको मुख्य उद्देश्य मुलुकभरी व्यावसायिकरुपले सञ्चालनमा रहेका मध्यम तथा ठूला पशुपालन व्यवसायहरुको आर्थिक, सामाजिक तथा वातवरणीय तथ्याङ्क संकलन गरी कृषि विकासका लागि राष्ट्रिय तथा प्रदेशस्तरका नीति निर्माण तथा योजना तर्जुमा, अनुगमन तथा मूल्याङकनका लागि उपयोगी हुने व्यावसायिक पशुपालनसम्वन्धी तथ्याङ्कको खाँचो पूर्ति गरी नीति निर्माता र योजनाविद् लगायत तथ्याङ्क प्रयोगकर्तालाई सघाउ पुऱ्याउने रहेको छ ।

## सर्वेक्षणको क्षेत्र

यस सर्वेक्षणले मुलुकभर व्यावसायिकरुपले संचालनमा रहेका मध्यम तथा ठूला (कृषि तथा पशुपन्छी विकास मन्त्रालयको परिभाषा अर्न्तगत) पशुपालन व्यवसायहरुलाई समेटेको छ । यस सर्वेक्षणमा निम्न लिखित विवरणहरु सङ्कलन गरिएको छ :

(क) पशुपालन व्यवसायसम्बन्धी सामान्य जानकारी
(व्यवसाय सञ्चालन मिति, स्वमित्वको स्थिति, आर्थिक क्रियाकलापको लगत)

(ख) मुख्य सञ्चालकको नाम, सम्पर्क नम्बर, लिङ्ग, शिक्षा, तालिम, पशुपालन क्रियाकलापमा दिएको समय तथा अन्य आर्थिक क्रियाकलापसम्बन्धी विवरण

(ग) उमेर, किसिम र जात अनुसार विभिन्न पाल्तु चौपायाहरुको (गाई/गोरु, भैंसी/राँगा, बाखा/च्याङग्रा, भेंडा, सुँगुर/बँगुर) संख्या, जन्म तथा मृत्यु, खरिद तथा बिक्री, अनुदानबाट प्राप्त र बिक्री मुल्यसम्बन्धी विवरण,

(घ) पाल्तु चौपायाहरुबाट भएको उत्पादन तथा सोको उपयोग, आहार तथा आहारको स्रोत, गोठको ब्यवस्थासम्बन्धी विवरण ।

(ङ) पशुपालन व्यवसाय अन्तर्गत प्रयोग भएको जग्गासम्बन्धी विवरण

(च) पशुपालन व्यवसायको अन्य क्रियाकलाप, चालु तथा पुँजीगत खर्च, व्यवसायमा परेको गम्भिर असर/आघात तथा व्यवसायमा प्रयोग भएका कृषि मेशिनरी तथा औजार, रोजगारी, गैर आवासीय भवन तथा सूचनासम्बन्धी विवरण

(छ) उत्पादन विधि तथा वातावरणसम्बन्धी विवरण (ऊर्जाको स्रोत, पशुको स्वास्थ्य तथा प्रजनन, पशुको लागि पिउने पानी, मल व्यवस्थापन, पशु सूचना तथा सेवा, पूर्वाधार (यातायत, सूचना प्रविधि र सुविधासँगको पहुँच), सार्वजनिक स्रोतहरुसँगको पहुँच, फोहोर व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण गर्ने रणनीतिसम्बन्धी विवरण)

## पशुपालन व्यवसाय (फार्म)

यस सर्वेक्षण प्रयोजनको लागि दर्ता गरी वा नगरी कम्तिमा देहायको तालिका नं. १ मा उल्लेख गरिए अनुसारको संख्यामा व्यावसायिकरुपले पशुपालन गर्ने व्यवसाय तथा कृषकहरुलाई मात्र यहाँ समावेश गरिएको छ ।

**तालिका नं. १: सर्वेक्षण प्रयोजनको लागि पशुपालन व्यवसायको मापदण्ड**

| क्र.सं | पशुपालन व्यवसायको प्रकार | पशुको विवरण | संख्या | | |
|---|---|---|---|---|---|
| | | | तराई | पहाड | हिमाल |
| १ | गाईपालन | दुध दिने उमेर समूहका गाईको संख्या | १० | १० | ८ |
| २ | भैंसीपालन | दुध दिने उमेर समूहका भैंसीको संख्या | ८ | ८ | ५ |
| ३ | राँगा/पाडापालन | मासु प्रयोजनका लागि राँगा/पाडाको संख्या | १५ | १५ | १० |
| ४ | बाख्रा/च्याङ्ग्रा पालन | ६ महिना वा सोभन्दा माथिका बाख्रा/च्याङ्ग्राको संख्या | ५० | ५० | ५० |
| ५ | भेँडापालन | ६ महिना वा सो भन्दा माथिका भेँडा/भेँडीको संख्या | ५० | ५० | १०० |
| ६ | मासु प्रयोजनका सुँगुर/बँगुरपालन | ६ महिना वा सो भन्दा माथिका मासु प्रयोजनका लागि पालिएका सुँगुर/बँगुरको संख्या | २५ | २५ | २५ |
| ७ | प्रजनन प्रयोजनका पोथी सुँगुर/बँगुरपालन | ६ महिना वा सो भन्दा माथिका प्रजनन प्रयोजनका लागि पालिएका पोथी सुँगुर/बँगुरको संख्या | १५ | १५ | १० |
| ८ | गाई र भैंसीपालन | यदि गाई र भैंसी दुवैपालन गर्ने व्यवसाय भए कम्तिमा दुध दिने उमेर समूहका गाई र भैंसीको जम्मा संख्या | १० | १० | १० |
| ९ | बाख्रा/च्याङ्ग्रा र भेँडापालन | यदि बाख्रा/च्याङ्ग्रा तथा भेँडा दुवैपालन गर्ने व्यवसाय भए कम्तिमा ६ महिना वा सो भन्दा माथिको बाख्रा/च्याङ्ग्रा तथा भेँडा दुवै गरी जम्मा संख्या | ५० | ५० | १०० |
| १० | गाई/भैंसीपालन र बाख्रा/च्याङ्ग्रा/भेँडापालन | यदि गाई वा भैंसी सँगै बाख्रा/च्याङ्ग्रा वा भेँडा पनि पालिएको व्यवसाय भए कम्तिमा दुध दिने उमेर समूहका गाई वा भैंसीको संख्या, | ५ | ५ | ५ |
| | | र कम्तिमा ६ महिना वा सो भन्दा माथिको बाख्रा/च्याङ्ग्रा वा भेँडाको जम्मा संख्या | २५ | २५ | ५० |

## सर्वेक्षण विधि

यो सर्वेक्षण छनौट विधि (Sampling method) मा आधारित छ। यस सर्वेक्षणको लागि सर्वप्रथम मुलुकभरी व्यावसायिकरुपमा सञ्चालनमा रहेका माथि उल्लेख गरिएका निश्चित मापदण्ड अनुसारको संख्यामा पशुपालन कार्य गरिरहेका पशुपालन व्यवसायहरुको सूची तयार गरिएको थियो। उक्त सूची मुख्यतः कृषि तथा पशुसंग सम्बन्धित विभिन्न निकायहरुमा रहेको पशुपालन व्यवसायहरुको प्रशासनिक अभिलेख तथा लगतहरुको आधारमा स्थलगत रुजुगरी (Verification) तयार गरिएको थियो। उक्त सूचीको आधारमा सम्पूर्ण व्यवसायहरुलाई प्रदेश तथा पशुपालन व्यवसायको प्रकार अनुसार वर्गिकरण गरी नमूना छनौट विधिद्वारा मुलुकभरी जम्मा ७९८ पशुपालन व्यवसायहरु छनौट गरिएको थियो। उक्त ७९८ व्यवसायहरु मध्ये ७९४ व्यवसायहरुको स्थलगत तथ्याक संकलन गरी सर्वेक्षणको नतिजा प्रकाशन गरिएको छ। गणना गर्न नसकिएका ४ वटा व्यवसायहरु मध्ये १ वटा व्यवसाय अनुत्तरित र बाँकी ३ वटा व्यवसायहरु स्थलगत कार्य गर्दा भेटिएको थिएनन।

## सर्वेक्षणको सीमा

यस सर्वेक्षणले दर्ता गरी वा नगरी व्यावसायिकरुपले संचालन गरिएका मध्यम तथा ठूला पशुपालन व्यवसायहरुलाई मात्र समेटेको छ । माथि उल्लेखित मापदण्ड भन्दा कम संख्यामा व्यावसायिकरुपमा पशुपालन गरेका साना व्यवसायहरु यस सर्वेक्षणमा समावेश गरिएका छैनन् । तसर्थ यस सर्वेक्षणले नेपालमा व्यावसायिक रुपले संचालित सबै पशुपालन व्यवसायहरुको प्रतिनिधित्व गर्दैन ।

यसरी नै समय र लागतको सीमितताको कारणले यस सर्वेक्षणको नमुनाको आकार (Sample Size) राष्ट्रिय तथा प्रादेशिक नतिजाहरुका लागि मात्र प्रतिनिधिमुलक रहेका छन् ।

## प्रमुख नतिजाहरु

### व्यावसायिकरुपमा पशुपालन गर्ने व्यवसाय तथा पालिएका पशुको संख्या

सर्वेक्षणअनुसार मुलुकमा व्यावसायिकरुपमा पशुपालन गर्ने यस सर्वेक्षणले समेटेका मध्यम तथा ठूला पशुपालन व्यवसायहरु जम्मा ६४८६ रहेको छ । जसमध्ये १२३३ गाईपालन, ९१४ भैँसीपालन, ४३ मासु प्रयोजनको लागि राँगापालन, २२९५ बाखा/च्याङ्ग्रापालन, ५७२ भेँडाभेँडीपालन, ११८ मासु प्रयोजनको लागि भाले सुँगुरबँगुरपालन र ३६४ प्रजनन प्रयोजनको लागि सुँगुरबँगुरपालन व्यवसायहरु रहेका छन् भने मिश्रित वर्गअनुसार ४८३ गाई र भैँसीपालन, १९८ बाखा/च्याङ्ग्रा र भेँडाभेँडीपालन र २६५ गाई/भैँसी र बाखा/च्याङ्ग्रा/भेँडापालन व्यवसायहरु रहेका छन् । नेपालमा प्राय: अधिकांश कृषक परिवारले गाई, गोरु, भैँसी, राँगा, बाखा, सुँगुर, वँगुर, आदि मध्ये एकै किसिमका मात्र नभई एक भन्दा बढी किसिमका पशुहरु पालिराखेका हुन्छन् । त्यसैअनुरुप सर्वेक्षणमा गाईपालन व्यवसायले गाई बाहेक अन्य पशुहरु पनि पालेका भए सोको विवरण समेत संकलन गरिएको थियो । जसअनुसार गाई, भैँसी, राँगा, बाखा/च्याङ्ग्रा, भेँडाभेँडी तथा सुँगुरबँगुरपालन गर्ने व्यवसायहरुले एक भन्दा बढी किसिमका पशुहरु पालेका भए सोको विवरणसमेत नतिजाले देखाएको छ ।

सर्वेक्षणको नतिजाअनुसार गणनाको दिनमा ६४८६ पशुपालन व्यवसायहरुले जम्मा ४४८७३ गाई/गोरु, ३४६५३ राँगा/भैँसी, १५०५६८ बाखा, ३१७८१ च्याङ्ग्रा, ८८४२१ भेडा/भेडी र ३८३६० सुँगुर/बँगुरहरु पालेको पाईएको छ । व्यावसायिकरुपमा पशुपालन गरेका व्यवसायको प्रकार अनुसार पशुहरुको संख्याको विस्तृत विवरण तलको तालिका नं. २ मा दिइएको छ ।

**तालिका नं. २: व्यावसायिकरुपमा पशुपालन गरेका व्यवसायको प्रकार अनुसार पशुहरुको संख्या**

| पशुपालन व्यवसायको प्रकार | व्यवसाय संख्या | गणनाको दिनमा पालिएका पशुको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गाई/गोरु | राँगा/भैँसी | बाखा | च्याङग्रा | भेडा/भेडी | सुँगुर/बँगुर |
| गाईपालन | १२३३ | २७१६३ | ४४४७ | ७८९८ | - | ११२ | २४१ |
| भैँसीपालन | ९१४ | २७५९ | १९५७७ | ४४५३ | - | ३६६ | ५४ |
| राँगा/पाडापालन | ४३ | ७७ | ६६५ | ४८९ | - | | ७६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बाखा/च्याङ्ग्रापालन | २२९५ | ४४९८ | २३२३ | १०८१३५ | ३०२२९ | २३३९ | १६४५ |
| भेडापालन | ५७२ | ११३४ | ४४८ | ९०९५ | ९२ | ६०३२२ | ३२ |
| मासु प्रयोजनका सुँगुर/बँगुरपालन | ११८ | १०५ | १२४ | ७४२ | - | ३७ | ११०९१ |
| प्रजनन प्रयोजनका पोथी सुँगुर/बँगुरपालन | ३६४ | २३२ | ११० | ८९५ | ८१ | | २४४६३ |
| गाई र भैंसीपालन | ४८३ | ६४२८ | ५५३८ | ३३९४ | - | १८६ | ३९३ |
| बाखा/च्याङ्ग्रा र भेडापालन | १९८ | ५४० | १४९ | ५९१६ | १३८० | २२९९३ | - |
| गाई/भैंसीपालन र बाखा/च्याङ्ग्रा/भेडापालन | २६५ | १९३८ | १२७३ | ९५५१ | - | २०६६ | ३६५ |
| **जम्मा** | ६४८६ | ४४८७३ | ३४६५३ | १५०५६८ | ३१७८१ | ८८४२१ | ३८३६० |

## जातअनुसार पशु संख्या

यहाँ तालिका नं. ३ मा पशुपालन व्यवसायहरुले गणनाको दिनमा पालेका स्थानीय तथा उन्नत जातअनुसार विभिन्न किसिमका पशुको संख्या दिइएको छ। सर्वेक्षणको नतिजा अनुसार पशुपालन व्यवसायले गाई/गोरु, राँगा/भैंसी तथा सुँगुर/बँगुरहरु धेरैजसो उन्नत जातका पालेको पाईएको छ भने बाखा तथा भेडा/भेडी धेरैजसो स्थानीय जातका पालेको पाईएको छ जसअनुसार जम्मा पशुको संख्या मध्ये उन्नत जातका ७५% गाई/गोरु, ७१% राँगा/भैंसी, ४५% बाखा, २६% भेडा/भेडी र ९२% सुँगुर/बँगुरहरु छन्।

**तालिका नं. ३: जातअनुसार पशु संख्या**

| पशुको प्रकार | जातअनुसार पशुको संख्या | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | स्थानीय | प्रतिशत (%) | उन्नत | प्रतिशत (%) |
| गाई/गोरु | ४४८७३ | १११९६ | २५ | ३३७५७ | ७५ |
| राँगा/भैंसी | ३४६५३ | १०२०५ | २९ | २४४४७ | ७१ |
| बाखा | १५०५६८ | ८३५०१ | ५५ | ६७०६७ | ४५ |
| च्याङग्रा | ३१७८१ | ३१७८१ | १०० | | |
| भेडा/भेडी | ८८४२१ | ६५४१० | ७४ | २३०११ | २६ |
| सुँगुर/बँगुर | ३८३६० | ३१३० | ८ | ३५२३० | ९२ |

## सन्दर्भ बर्षमा पालिएका पशु संख्यामा भएको परिवर्तनसम्बन्धी विवरण

तालिका नं. ४ र ५ मा सन्दर्भ वर्षमा पशुपालन व्यवसायहरुले पालेका पशु संख्यामा भएको परिवर्तनसम्बन्धी विवरण दिइएको छ। तालिका नं. ४ मा सर्वेक्षणको नतिजाअनुसार सन्दर्भ वर्षमा जन्मेका, खरिद गरेका तथा पूर्ण अनुदान/सित्तैमा प्राप्त गरेका पशुको संख्या दिइएको

छ भने तालिका नं. ५ मा सन्दर्भ वर्षमा मृत्यु भएका, हराएका, सित्तैमा अरुलाई दिएका, बिक्री भएका पशुको संख्या तथा बिक्री भएको भए तिनीहरुको मुल्य समेत दिइएको छ ।

**तालिका नं. ४: सन्दर्भ बर्षमा जन्मेका, खरिद गरेका तथा पूर्ण अनुदान/सित्तैमा प्राप्त गरेका पशुको संख्या**

| पशुको प्रकार | सन्दर्भ वर्षमा | | |
|---|---|---|---|
| | जन्मेका संख्या | खरिद गरेका संख्या | पुर्ण अनुदान/सित्तैमा प्राप्त गरिएका संख्या |
| गाई/गोरु | १४५५४ | ४८५० | ११५ |
| राँगा/भैंसी | १२४७५ | ६१८६ | २४४ |
| बाखा | ८८४८४ | ११७४२ | ७२६ |
| च्याङग्रा | १४०३९ | १७८४७ | - |
| भेडा/भेडी | ३८१०७ | ६२८४ | ४६ |
| सुँगुर/बँगुर | ७९८८० | २६४४ | ३३१ |

**तालिका नं. ५: सन्दर्भ बर्षमा मृत्यु भएको, हराएको, सित्तैमा अरुलाई दिएको, बिक्री भएको संख्या तथा बिक्री मुल्य**

| पशुको प्रकार | सन्दर्भ वर्षमा | | | | |
|---|---|---|---|---|---|
| | जम्मा मृत्यु भएको सख्या | हराएको संख्या | सित्तैमा अरुलाई दिइएको संख्या | बिक्री गरिएको संख्या | जम्मा बिक्री मुल्य रु. |
| गाई/गोरु | ४९६० | १७० | ३१८२ | ५१८० | २६,९०,८५,२७९ |
| राँगा/भैंसी | ३२६८ | ३३ | २३४ | ७६७३ | ३१,५१,८६,०५७ |
| बाखा | १९८८० | ६९४ | ५७४ | ५४७०३ | ७३,९८,५२,५८७ |
| च्याङग्रा | ४०४३ | ८१ | १७२ | २५८९५ | ५२,६३,४२,८१२ |
| भेडा/भेडी | १०७६१ | १३२५ | १४८ | २२१०९ | ३१,५२,८२,६७० |
| सुँगुर/बँगुर | १३१८९ | २७१ | १६५ | ९१३५८ | ६३,१६,२५,१७३ |

तालिका नं. ६ मा सन्दर्भ वर्षमा मृत्यु भएका पशुको जम्मा संख्या मध्ये कुन कारणले मृत्यु भएको हो कारणअनुसार मृत्यु भएको पशुको संख्या दिइएको छ । प्राप्त नतिजा अनुसार अधिकांश प्रकारका पशुहरु सवैभन्दा बढी रोग तथा महामारीको कारणले मृत्यु भएको पाईएको छ ।

**तालिका नं. ६: सन्दर्भ बर्षमा मृत्यु भएको कारण अनुसार पशुको संख्या**

| पशुको प्रकार | सन्दर्भ वर्षमा | | | |
|---|---|---|---|---|
| | जम्मा मृत्यु भएको सख्या | प्राकृतिक रुपले/दुर्घटनाले मृत्यु भएको संख्या | रोग तथा महामारीको कारणले मृत्यु भएको संख्या | प्राकृतिक विपत् प्रकोपको कारणले मृत्यु भएको संख्या |
| गाई/गोरु | ४९६० | १६५० | ३०५१ | २५९ |
| राँगा/भैंसी | ३२६८ | ११३६ | २०२२ | ११० |
| बाखा | १९८८० | ४१४३ | १५०६५ | ६७२ |
| च्याङ्ग्रा | ४०४३ | १०५२ | २३३२ | ६५९ |
| भेडा/भेडी | १०७६१ | ३०३४ | ६१७३ | १५५४ |
| सुँगुर/बँगुर | १३१८९ | ६९८२ | ५८२५ | ३८२ |

## दुहुनो गाई र भैंसीको संख्या तथा दुध उत्पादन

सर्वेक्षणको नतिजाअनुसार १५३८० दुध दिईरहेको गाईहरुबाट औषत दुध दिने अवधि (बेत) सम्ममा जम्मा ४,५८,०३,४५७ लिटर तथा १०८४१ दुध दिईरहेको भैंसीहरुबाट औषत दुध दिने अवधि (बेत) सम्ममा जम्मा २,३२,३१,०९१ लिटर दुध उत्पादन भएको अनुमान गरिएको छ। यसैगरी २०९८ स्थानीय गाईहरुबाट १८,००,७२२ लिटर, ५९५४ जर्सी/जर्सी क्रसब्रिड गाईहरुबाट १,७४,३१,५४५ लिटर, ६८०९ होलिस्टिन/होलिस्टिन क्रसब्रिड गाईहरुबाट २,५१,१०,४२२ लिटर र ५१९ अन्य उन्नत जातका गाईहरुबाट १४,६०,७६८ लिटर दुध उत्पादन भएको अनुमान गरिएको छ भने २६५८ स्थानीय भैंसीहरुबाट ३५,९२,२३५ लिटर, ४८३९ मुर्रा जातको भैंसीहरुबाट १,२२,३४,२०० लिटर, २९७८ मुर्रा क्रस जातको भैंसीहरुबाट ६५,८४,४६२ लिटर र ३६६ अन्य उन्नत जातको भैंसीहरुबाट ८,२०,१९३ लिटर दुध उत्पादन भएको अनुमान गरिएको छ।

**तालिका नं. ७: जातअनुसार दुहुनो गाई तथा भैसीको संख्या तथा दुध उत्पादन**

| जात अनुसार गाई/भैंसी | दुहुनो गाई तथा भैसीको संख्या | दुध उत्पादन लिटरमा |
|---|---|---|
| **गाई** | १५३८० | ४,५८,०३,४५७ |
| स्थानीय | २०९८ | १८,००,७२२ |
| जर्सी/जर्सी क्रसब्रिड | ५९५४ | १,७४,३१,५४५ |
| होलिस्टिन/होलिस्टिन क्रसब्रिड | ६८०९ | २,५१,१०,४२२ |
| अन्य उन्नत जातका गाई | ५१९ | १४,६०,७६८ |
| **भैंसी** | १०८४१ | २,३२,३१,०९१ |
| स्थानीय | २६५८ | ३५,९२,२३५ |
| मुर्रा | ४८३९ | १,२२,३४,२०० |
| मुर्रा क्रस | २९७८ | ६५,८४,४६२ |
| अन्य उन्नत जातका भैंसी | ३६६ | ८,२०,१९३ |

## सन्दर्भ अवधि (एक हप्ता) भित्र गाई तथा भैंसीबाट भएको दुध उत्पादनको उपयोगसम्बन्धी विवरण

तालिका नं. ८ मा सन्दर्भ हप्ताभित्र (गणनाको अघिल्लो ७ दिन) व्यवसायले उत्पादन गरेको गाई तथा भैंसीको दुधको उपयोगसम्बन्धी विवरण उल्लेख गरिएको छ। सर्वेक्षणको नतिजाअनुसार विक्री गरिएको गाई र भैंसीको दुधको परिमाण क्रमशः ८,८१,५५९ लिटर र ४,९६,४६६ लिटर र रहेको पाइएको छ भने आफ्नै उपभोगको लागि प्रयोग गरिएको गाई र भैंसीको दुधको परिमाण क्रमशः ४९,९४९ लिटर र ५०,२५३ लिटर रहेको पाइएको छ।

**तालिका नं. ८ः सन्दर्भ हप्ताभित्र गाई/भैंसीबाट उत्पादित दुधको उपयोग**

| दुधको उपयोग | गाईको दुध लिटरमा | भैंसीको दुध लिटरमा |
|---|---|---|
| बिक्री गरिएको दुध | ८,८१,५५९ | ४,९६,४६६ |
| व्यवसायमा प्रशोधन गरिएको दुध | ३८,६६० | २३,६०३ |
| आफ्नै उपभोगको लागि प्रयोग गरिएको दुध | ४९,९४९ | ५०,२५३ |
| बाच्छा/पाडा, बाच्छी/पाडीका लागि दिएको दुध | २२,३६९ | ९,६५३ |
| नोक्सान भएको दुध | ९४६ | ६४२ |
| अन्य प्रयोजनमा प्रयोग भएको दुध | १,९१२ | ५०४ |

## सन्दर्भ वर्षमा पशुको मुख्य आहारको व्यवस्था

सर्वेक्षणको नतिजाअनुसार गाईगोरु, राँगाभैंसी र बाखा/च्याङ्ग्रा पालेका व्यवसायहरु मध्ये सबैभन्दा बढी व्यवसायहरुले पशु आहारको लागि घाँस परालको प्रयोग गर्ने गरेको पाइएको छ जसअनुसार गाईगोरु, राँगाभैंसी बाखा/च्याङ्ग्राको आहारको लागि घाँस परालको प्रयोग गर्ने व्यवसाय संख्या क्रमशः ३०३६, २७६० र २०७९ रहेको पाइएको छ। त्यसैगरी, भेडाभेडीको आहारको लागि सबैभन्दा बढी व्यवसायले चरनको प्रयोग गरेको पाइएको छ जुन ८६७ रहेको छ भने सुँगुरबँगुरको लागि सबैभन्दा बढी व्यवसायले दानाको प्रयोग गरेको पाइएको छ जुन ५०४ रहेको छ।

**तालिका नं. ९ः सन्दर्भ वर्षमा पशुको लागि मुख्य आहारको ब्यवस्था**

| पशुको प्रकार | व्यवसाय संख्या | दानाको प्रयोग गर्ने व्यवसाय संख्या | घाँस परालको प्रयोग गर्ने व्यवसाय संख्या | चरनको प्रयोग गर्ने व्यवसाय संख्या |
|---|---|---|---|---|
| गाई/गोरु | ३८५३ | ४१५ | ३०३६ | ४०३ |
| राँगा/भैंसी | ३२१९ | २११ | २७६० | २४८ |
| बाखा/च्याङग्रा | ४२७१ | २६७ | २०७९ | १९२५ |
| भेडा/भेडी | ९३८ | | ७१ | ८६७ |
| | **व्यवसाय संख्या** | **दानाको प्रयोग गर्ने व्यवसाय संख्या** | **वाली तथा सह-उत्पादन प्रयोग गर्ने व्यवसाय संख्या** | **उद्योग/होटल/घरपरिवारबाट निस्केको रहलपहल प्रयोग गर्ने व्यवसाय संख्या** |
| सुँगुर/बँगुर | ८६३ | ५०४ | ७२ | २८७ |

## सन्दर्भ वर्षमा पशु आहारको स्रोतको ब्यवस्था

तालिका नं. १० मा व्यवसायले पशुको लागि आवश्यक आहारको व्यवस्थापनको स्रोतसम्बन्धी विवरण दिइएको छ। व्यवसायले आफ्नो पशुलाई आहारको व्यवस्थापन एक भन्दा बढी स्रोतबाट गरेको हुनसक्छ। सर्वेक्षणको नतिजाअनुसार गाईगोरु, राँगाभैंसी र बाखा/च्याङ्ग्राको लागि आफ्नै उत्पादनबाट पशुको आहारको व्यवस्थापन गर्ने व्यवसायहरु बढी रहेको पाइएको छ भने भेडाभेडीको लागि साझाचउर र सुँगुरवँगुरको लागि आहार खरिद गर्ने व्यवसायहरु बढी रहेको देखिएको छ।

**तालिका नं. १०: सन्दर्भ वर्षमा पशु आहारको स्रोतको ब्यवस्था**

| पशुको प्रकार | आफ्नै उत्पादन प्रयोग गर्ने व्यवसाय संख्या | आहार खरिद गर्ने व्यवसाय संख्या | साझा चाउरको प्रयोग गर्ने व्यवसाय संख्या | साटासाट गरी व्यवस्था गर्ने व्यवसाय संख्या |
|---|---|---|---|---|
| गाई/गोरु | ३३३५ | २४४८ | ९३३ | १४ |
| राँगा/भैंसी | २९२७ | २११० | ८२० | ५ |
| बाखा/च्याङग्रा | ३३२८ | २१११ | २११८ | ११ |
| भेडा/भेडी | ३७६ | १९४ | ८६६ | ४ |
| सुँगुर/बँगुर | ६०२ | ६५७ | ३१ | २ |

## सन्दर्भ वर्षमा पशु गोठको ब्यवस्था

तालिका नं. ११ मा व्यवसायमा पशुको लागि गोठ कस्तो प्रकार छ भन्ने देखाएको छ जसअनुसार गाईगोरु, राँगाभैंसी र सुँगुरवँगुरपालन गर्ने जम्मा व्यवसाय मध्ये सवैभन्दा बढी क्रमशः १६८९, १४१८ र ४५३ व्यवसायहरुमा व्यवस्थित प्रकारको गोठ/खोर रहेको पाइएको छ। यसैगरी बाखा/च्याङ्ग्रा र भेडाभेडीपालन गर्ने जम्मा व्यवसाय मध्ये सवैभन्दा बढी क्रमशः १९३७ र ५२१ व्यवसायहरुमा अर्धव्यवस्थित गोठ रहेको पाइएको छ।

**तालिका नं. ११: सन्दर्भ वर्षमा पशु गोठको ब्यवस्था**

| पशुको प्रकार | जम्मा व्यवसाय संख्या | व्यवस्थित गोठ/खोर भएको व्यवसाय संख्या | अर्धव्यवस्थित गोठ/खोर भएको व्यवसाय संख्या | अव्यवस्थित/ परम्परागत गोठ/खोर भएको व्यवसाय संख्या |
|---|---|---|---|---|
| गाई/गोरु | ३८५३ | १६८९ | १५१६ | ६४९ |
| राँगा/भैंसी | ३२१९ | १४१८ | १३४८ | ४५२ |
| बाखा/च्याङग्रा | ४२७१ | १७४९ | १९३७ | ५८५ |
| भेडा/भेडी | ९३८ | १२० | ५२१ | २९८ |
| सुँगुर/बँगुर | ८६३ | ४५३ | ३१६ | ९५ |

## सन्दर्भ वर्ष भन्दा अघिल्लो तीन वर्षमा नाफा/नोक्सानको अवस्था

तालिका नं. १२ ले तीन वा सोभन्दा बढी वर्ष देखि सञ्चालनमा रहेका व्यवसायहरुमा पछिल्लो तीन वर्षमा नाफा/नोक्सानको अवस्था कस्तो छ भन्ने देखाएको छ जसअनुसार तीनै वर्ष नाफा हुने व्यवसाय ४३.५ प्रतिशत छन् भने तीन वर्ष मध्ये दुई वर्ष मात्र नाफा हुने व्यवसाय जम्मा २३.८ प्रतिशत रहेका छन् । त्यसैगरी तीन वर्षमा एक वर्ष मात्र नाफा र तीनै वर्ष नोक्सान हुने व्यवसायहरु क्रमशः १३.६ र ५.३ प्रतिशत रहेका पाइएको छ ।

**तालिका नं. १२: सन्दर्भ वर्ष भन्दा अघिल्लो तीन वर्षमा नाफा/नोक्सानको अवस्था**

| विवरण | व्यवसाय संख्या | प्रतिशत (%) |
|---|---|---|
| तीनै वर्ष नाफा भयो | २८२३ | ४३.५ |
| तीन वर्ष मध्ये २ वर्ष नाफा भयो | १५४४ | २३.८ |
| तीन वर्ष मध्ये १ वर्ष नाफा भयो | ८८० | १३.६ |
| तीनै वर्ष नोक्सान भयो | ३४२ | ५.३ |
| लागु नहुने | ८९६ | १३.८ |
| **जम्मा** | ६४८६ | १००.० |

## सन्दर्भ वर्षमा व्यवसायले लिएको ऋण तथा पशु बीमासम्बन्धी विवरण

तालिका नं. १३ मा सन्दर्भ वर्षमा व्यवसायले पशुपालन क्रियाकलापका लागि बैंक तथा वित्तिय संस्थाबाट ऋण सुविधा लिए नलिएको, त्यसैगरी सहुलियत ब्याजदरमा ऋण लिए नलिएको, सरकारबाट सहुलियत/अनुदान प्राप्त गरे नगरेको, पशुको बीमा गरे नगरेको तथा बीमा नगरेको भए सोको कारणसम्बन्धी विवरण दिइएको छ ।

**तालिका नं. १३: सन्दर्भ वर्षमा व्यवसायले लिएको ऋण तथा पशु बीमासम्बन्धी विवरण**

| विवरण | व्यवसाय संख्या | प्रतिशत (%) |
|---|---|---|
| **व्यवसायले पशुपालन क्रियाकलापका लागि बैंक तथा वित्तिय संस्थाबाट ऋण सुविधा** | | |
| लिएको | २९६६ | ४५.७ |
| नलिएको | ३५२० | ५४.३ |
| **व्यवसायले सहुलियत ब्याजदरमा पशुपालनका लागि ऋण** | | |
| लिएको | २२९४ | ७७.३ |
| नलिएको | ६७२ | २२.७ |
| **व्यवसायले पशुपालनका लागि सरकारबाट सहुलियत/अनुदान प्राप्त** | | |
| गरेको | २०२९ | ३१.३ |
| नगरेको | ४४५७ | ६८.७ |
| **व्यवसायले पशु बीमा** | | |
| गरेको | ३६८५ | ५६.८ |

| विवरण | व्यवसाय संख्या | प्रतिशत (%) |
|---|---|---|
| नगरेको | २८०२ | ४३.२ |
| **पशु बीमा नगर्नुको कारण** | | |
| पहुँच नभएर | ८५२ | ३०.४ |
| महंगो भएर | ३८८ | १३.९ |
| आवश्यक नलागेर | ७५८ | २७.१ |
| उचित क्षतिपुर्ति नपाउने भएर | २३३ | ८.३ |
| कम्पनीले सेवा नदिएर | १९६ | ७.० |
| थाहा नभएर | ३७४ | १३.४ |
| **जम्मा** | २८०२ | १००.० |

## सन्दर्भ वर्षमा पशु स्वास्थ्यसम्बन्धी विवरण

तालिका नं. १४ मा सन्दर्भ वर्षमा व्यवसायले पशु चिकित्सा सेवा लिए नलिएकोसम्बन्धी विवरण दिइएको छ जसअनुसार ८४.४ प्रतिशत व्यवसायले पशु चिकित्सा सेवा लिएको र १५.६ प्रतिशत व्यवसायले पशु चिकित्सा सेवा नलिएको देखिएको छ ।

**तालिका नं. १४: सन्दर्भ वर्षमा पशु स्वास्थ्यसम्बन्धी विवरण**

| विवरण | व्यवसाय संख्या | प्रतिशत (%) |
|---|---|---|
| पशु चिकित्सा सेवा लिएको | ५४७५ | ८४.४ |
| पशु चिकित्सा सेवा नलिएको | १०११ | १५.६ |

## पशु चिकित्सा सेवाको प्रयोजन अनुसार व्यवसाय संख्या

तालिका नं. १५ अनुसार पशु चिकित्सा सेवा लिएका व्यवसायहरु मध्ये ४९१० व्यवसायले उपचारमूलक प्रयोजनको लागि पशु चिकित्सा सेवा लिएको देखिएको छ भने रोकथाममूलक र प्रजनन् प्रयोजनको लागि पशु चिकित्सा सेवा लिने व्यवसाय संख्या क्रमश: ३१९८ र २०९६ रहेको छ ।

**तालिका नं. १५: पशु चिकित्सा सेवाको प्रयोजन अनुसार व्यवसाय संख्या**

| विवरण | व्यवसाय संख्या |
|---|---|
| उपचारमूलक | ४९१० |
| रोकथाममूलक | ३१९८ |
| प्रजनन् प्रयोजन | २०९६ |

## सन्दर्भ वर्षमा पशुको लागि प्रयोग गरिएको प्रमुख प्रजनन विधिअनुसार व्यवसाय संख्या

सर्वेक्षणको नतिजाअनुसार गाईपालन व्यवसायले धेरैजसो कृतिम प्रजनन् विधि प्रयोग गरी पशुको प्रजनन् गरेको पाइएको छ भने भैँसीपालन, बाखा/च्याङ्ग्रापालन, भेडापालन र प्रजनन प्रयोजनका पोथी सुँगुर/बँगुरपालन गर्ने व्यवसायहरु मध्ये धेरैजसो व्यवसायले प्राकृतिक प्रजनन् विधि प्रयोग गरेर पशुको प्रजनन् गरेको पाइएको छ। तालिका नं. १६ मा सन्दर्भ वर्षमा व्यवसायको प्रकार र पशुको लागि प्रयोग गरिएको प्रमुख प्रजनन् विधिअनुसार व्यवसाय संख्या दिइएको छ।

**तालिका नं. १६: सन्दर्भ वर्षमा पशुको लागि प्रयोग गरिएको प्रमुख प्रजनन विधिअनुसार व्यवसाय संख्या**

| व्यवसायको प्रकार | प्राकृतिक प्रजनन विधि | कृतिम प्रजनन विधि |
|---|---|---|
| गाईपालन | ४५२ | ७८१ |
| भैँसीपालन | ६४९ | २६६ |
| बाखा/च्याङ्ग्रापालन | २१६९ | १२६ |
| भेडापालन | ५६९ | ३ |
| प्रजनन प्रयोजनका पोथी सुँगुर/बँगुरपालन | ३३६ | २८ |

## सन्दर्भ वर्षमा पशु प्रजनन सेवा उपलब्ध गराएका प्रमुख सेवा प्रदायकअनुसार व्यवसाय संख्या

तालिका नं. १७ मा व्यवसायको प्रकारअनुसार सन्दर्भ वर्षमा पशु प्रजनन् सेवा उपलब्ध गराएका प्रमुख सेवा प्रदायकहरुमा निजी पशु प्राविधिक, सरकारी पशु प्राविधिक, आफ्नै व्यवस्थापन तथा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तथा अन्यबाट सेवा लिएको व्यवसाय संख्या दिएको छ। धेरैजसो गाईपालन गर्ने व्यवसायले सन्दर्भ वर्षमा पशु प्रजनन् सेवा उपलब्ध गराउने प्रमुख सेवा प्रदायकका रुपमा निजी पशु प्राविधिकबाट सेवा लिएको देखिएको छ भने धेरैजसो भैँसीपालन, बाखा/च्याङ्ग्रापालन, भेडापालन तथा प्रजनन प्रयोजनका पोथी सुँगुर/बँगुरपालन गर्ने व्यवसायले पशु प्रजनन् सेवा उपलब्ध गराउने प्रमुख सेवा प्रदायकका लागि आफ्नै व्यवस्थापन रहेको देखिएको छ।

**तालिका नं. १७: सन्दर्भ वर्षमा पशु प्रजनन सेवा उपलब्ध गराएका प्रमुख सेवा प्रदायकअनुसार व्यवसाय संख्या**

| व्यवसायको प्रकार | प्रजनन सेवा उपलब्ध गराएका प्रमुख सेवा प्रदायकअनुसार व्यवसाय संख्या | | | | |
|---|---|---|---|---|---|
| | निजी पशु प्राविधिक सेवा | सरकारी पशु प्राविधिक सेवा | आफ्नै व्यवस्थापन | ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता | अन्य |
| गाईपालन | ५३२ | ४६३ | १९४ | १४ | ३१ |
| भैँसीपालन | २७४ | २६६ | ३२६ | ० | ४८ |
| बाखा/च्याङ्ग्रापालन | ४०३ | ४८६ | १२३३ | ४२ | १३० |
| भेडापालन | १५ | ५७ | ४६८ | ० | ३१ |
| प्रजनन प्रयोजनका पोथी सुँगुर/बँगुरपालन | ७२ | १०९ | १७३ | ७ | ४ |

**प्रकाशकः**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
सिंहदरवार, काठमाडौँ, नेपाल
फोनः +९७७-१४२११९०५, ४२१२९५०
वेवसाइटः www.moald.gov.np

**केन्द्रीय तथ्याङ्क विभाग**
थापाथली, काठमाडौँ
फोनः +९७७-४२४५९४६, ४२४५९४७
वेवसाइटः www.cbs.gov.np